**<u>मिति २०७५ चैत्र १ गते बसेको कार्यपालिका बैठकमा पेश भएका एजेण्डाहरु</u>**

१. खानेपानीका योजना सम्बन्धमा ।

२. होली पर्वका लागी सहयोग सम्बन्धमा ।

३. खेलकुदका लागी आर्थिक सहयोग सम्बन्धमा ।

४. विभिन्न संघ संस्थालाई आर्थिक सहयोग सम्बन्धमा ।

## <u>निर्णय नं. १</u>

गोदावरी नगरपालिकाको दोस्रो नगर सभाबाट चालु आ.व. ०७५/७६ का लागी स्वीकृत वार्षिक कार्यक्रम अनुसार खण्ड ४ अनुसूची १ को (घ) खानेपानी तथा सरसफाई र वैकल्पीक उर्जा समेत कार्यक्रमको बुँदा नं. ४ को स्वच्छ र सफा खानेपानीमा पहुँच विस्तार शिर्षकमा रु.७५,००,०००।- रकम विनियोजन भएकोमा सोही शिर्षकबाट दायित्व व्यहोर्ने गरि देहाय बमोजिमका योजनाहरुमा तपसिल बमोजिमको रकम विनियोजन गर्ने निर्णय गरियो ।

**<u>तपसिल</u>**

| क्र.सं. | वा.नं. | योजनाको नाम | रकम |
|---|---|---|---|
| १ | १ | बिजौरा आगाहान टोलमा आर्टिजन धारामा अपुग रकम | ४,००,०००।- |
| २ | १ | चैतन्यपुर खोपकेन्द्रमा आर्टिजन धारा अपुग रकम | |
| ३ | १ | प्रसंशा सामुदायिक वन आर्टिजन धारामा अपुग रकम | |
| ४ | १ | रामजानकी देउथान नजिक आर्टिजन धारा अपुग रकम | |
| ५ | १ | घण्टेश्वर मा.वि.मा आर्टिजन धारा अपुग रकम | |
| ६ | १ | शैपाल टोलमा आर्टिजन धारा | |
| ७ | ३ | मालाखेती खानेपानी पाईप बिस्तार २ कि.मी. ८ इन्च पाईप | ३,००,०००।- |
| ८ | ३ | पुरानो नवज्योती खानेपानी बोर | |
| ९ | ३ | दक्षिण टोल भण्डारीजीको आर्टिजन बोरिङमा नपुग रकम रु. ५० हजार थप गर्नुपर्ने | ५०,०००।- |
| १० | ३ | नव राज भट्टको घर पिपलबोट निर आर्टिजन धारा अपुग रकम थप | ५०,०००।- |
| ११ | ४ | चौकीगडामा खानेपानी तथा सिंचाई इन्टेक | १,५०,०००।- |
| १२ | ४ | पट्रेनी, गाजरी, भ्यागुतेपानीमा खानेपानीको १ इन्ची पाईप प्राविधिक ईस्टीमेट अनुसार मौज्दातबाट उपलब्ध गराउने | |
| १३ | ५ | कृषी माछा पोखरीमा खानेपानीको ओभर हेड टंकी निर्माण स्थलमा पर्खाल निर्माण | ४,००,०००।- |
| १४ | ६ | **<u>चालु आ.व.मा वडाबाट रकम विनियोजन भई सम्पन्न हुन नसकेका योजनामा रकम थप गर्नुपर्ने योजनाहरु</u>**<br>राम जोराको घर नजिक आर्टिजन पिउने पानी | ५,५०,०००।- |
| १५ | ६ | वडा कार्यालय नजिक आर्टिजन पिउने पानी | |
| १६ | ६ | कमल रानाको पूर्वपट्टीको त्रिवेणी चोकमा आर्टिजन पिउने पानी | |
| १७ | ६ | कुलविर चौधरीको घरको आसपास आर्टिजन पिउने पानी | |
| १८ | ६ | **<u>गत आ.व.को अधुरो योजनामा रकम थप गरि सम्पन्न गर्ने</u>**<br>लालपुर चौकमा आर्टिजन बोरिङ्ग खानेपानी | |
| १९ | ६ | रामजानकी टोल आर्टिजन बोरिङ्ग खानेपानी | |
| २० | ६ | कोली कटान बिच गाउँमा स्कूल जाने बाटो नजिक आर्टिजन बोरिङ्ग खानेपानी | |

| | | | |
|---|---|---|---|
| २१ | ६ | कोली कटान नवराज फुलाराका दोकान नजिक आर्टिजन बोरिङ्ग खानेपानी | |
| २२ | ७ | वडा कार्यालयमा आर्टिजन धाराका लागी वडाबाट विनियोजित रकममा अपुग रकम थप | ४,००,०००।- |
| २३ | ७ | दुर्गा भवानी मा.वि. आर्टिजन धारा निर्माण | |
| २४ | ७ | श्रीपुर खानेपानी पाईप लाईनका लागी प्राविधिक लागत अनुसार मौज्दातबाट पाईप उपलब्ध गराउने | |
| २५ | ८ | रोयल्टी पोष्ट नजिक आर्टिजन बोरिङ्गमा प्राविधिक लागत अनुसार रकम थप गरि योजना सम्पन्न गर्ने | ४,००,०००।- |
| २६ | ८ | समैजी मा.वि.मा खानेपानी टंकी निर्माण | |
| २७ | ९ | राष्ट्रिय मा.वि. बल्मीमा आर्टिजन धारा | ४,००,०००।- |
| २८ | ९ | समैजी प्रा.वि. धनचौरीमा आर्टिजन धारा | |
| २९ | १० | भागेश्वर कटान अधुरो टंकी निर्माण | ४,००,०००।- |
| ३० | १० | शिवरामपुर समरसेवल बोरको पाईपलाइन निर्माणका लागी प्राविधिक लागत अनुसार मौज्दातबाट पाईप उपलब्ध गराउने | |
| ३१ | ११ | गोदावरी खानेपानी योजनाको पाईप लाईनको गुरु योजना निर्माण र पर्खाल निर्माण (DPR न.पा.ले तयार गर्ने) | ४,००,०००।- |
| ३२ | ११ | तारा कोली पाईप लाइन विस्तार | |
| ३३ | ११ | गोदावरी स्वास्थ्य चौकीको खानेपानीको योजनामा नपुग रकम प्राविधिक लागत अनुसार थप | |
| ३४ | ११ | मालिका बोरिङको टंकी मर्मत | |
| ३५ | १२ | जनप्रभात अधुरो खानेपानी निर्माण | ४,००,०००।- |
| ३६ | १२ | नाईल खानेपानी टंकी निर्माण प्राविधिक लागत अनुसार | ३,००,०००।- |
| ३७ | १२ | सल्लीमा ३ वटा नाउलोमा सिमेन्ट गरि सुधार गर्नुपर्ने | |
| ३८ | १२ | कमैझाल चौकी खानेपानी पाईप ३ कि.मी. ३२ एम.एम.को | |
| ३९ | १२ | कोलमुडा खानेपानी मर्मत | |
| ४० | १२ | गणेशपुर खानेपानी ३ कि.मी. ६३ एम.एम. पाईप | |
| ४१ | १२ | चापमा २० एम.एम. पाईप १ कि.मी. | |
| ४२ | १२ | टुडेलामा ३ वटा स्थानमा र शारदा बोर १ स्थानमा २०/२० फिट पाईप थप गर्नुपर्ने | |
| ४३ | १२ | कालिका टोल बाङ्गेसाल भान सिंह वि.क.को घर नजिक खानेपानी | |
| | | **जम्मा** | **४६,००,०००।-** |

## निर्णय नं. २

हिन्दु धर्मावलम्बीहरुले र यस भेगका जनताहरुले हर्षोउल्लासका साथ सदियौं देखि मनाउदै आईरहेको होली पर्वका लागी वडा कार्यालयको सिफारिसमा प्रति वडा रु. ३०,०००।- (तीस हजार) का दरले गोदावरी न.पा.को चा.लु. ०७५/७६ को वार्षिक कार्यक्रमको खण्ड ४ अनुसूची १ को (ङ) धर्म संस्कृती, कला, मठ मन्दिरको बुँदा नं. २ को विभिन्न जातजातीको भाषा, कला, संस्कृती संरक्षण कार्यक्रमबाट सहयोग गर्ने निर्णय गरियो । साथै उक्त शिर्षकबाट शुक्र मा.वि. खानिडाँडा आयोजना गरिएको ग्वाँसी समैजी धार्मिक महोत्सव, २०७५ लाई रु. २५,०००।- (पच्चिस हजार) आर्थिक सहयोग गर्ने निर्णय समेत गरियो ।

**निर्णय नं. ३**

गोदावरी नगरपालिकाको दोस्रो नगर सभाबाट चालु आ.व. ०७५/७६ का लागी स्वीकृत वार्षिक कार्यक्रम अनुसार खण्ड ४ को अनुसूची १ को (क) शिक्षा, खेलकुद तथा युवा सम्बन्धी कार्यक्रमको बुँदा नं. ३५ मा जिल्ला तथा नगरस्तरिय खेलकुद सहयोग कार्यक्रममा रु. १५,००,०००।- रकम विनियोजन भएकोमा सो शिर्षकबाट दायित्व ब्यहोर्ने गरि देहाय बमोजिमका संस्थाहरुलाई खेलकुद विकासका लागी सहयोग गर्ने निर्णय गरियो ।

| सि.नं. | योजनाको नाम | संस्थाको नाम | रकम |
|---|---|---|---|
| १ | ओलानीमा भलिवल प्रतियोगिताका लागी सहयोग | सुनौलो विहानी युवा क्लव | १,००,०००।- |
| २ | प्रदेश स्तरिया महिला फुटवल प्रतियोगिता आवतजावतका लागी सहयोग | गो.न.पा. ८ जोनापुरमा आयोजना गरिएको | १५,०००।- |

**निर्णय नं. ४**

यस नगरपालिकामा विभिन्न संघ संस्थाहरुले विभिन्न कार्यक्रम र उद्देश्य राखी आर्थिक सहयोगका लागी निवेदन दिएको हुँदा तपसिल बमोजिमका संघ संस्थाहरुलाई देहाय बमोजिमको सहयोग गर्ने निर्णय गरियो ।

| सि.नं. | योजनाको नाम | संस्थाको नाम | रकम |
|---|---|---|---|
| १ | समृद्ध गोदावरी ७ दिने अन्तरक्रिया कार्यक्रमका लागी सहयोग | गोदावरी चेम्बर अफ कमर्स, अत्तरिया | १,००,०००।- |
| २ | महिला उद्यमशिलता, औद्योगिक बस्तु तथा प्रविधि प्रदर्शनी मेला, २०७५ का लागी सहयोग | नेपाल घरेलु तथा साना उद्योग महासंघ, धनगढी | १,००,०००।- |
| ३ | जिल्ला अधिवेशनका लागी सहयोग | नेपाल विद्युली पेन्टर प्लम्बर तथा निर्माण मजदुर युनियन (क्यूपेक) नगर कमिटी, अत्तरिया | ५०,०००।- |
| ४ | वि.वाई.सी. प्रथम मेयर कप फुटबल प्रतियोगिता, २०७५ कार्यक्रमका लागी सहयोग | वनदेवी युवा क्लव, गोदावरी न.पा. २, तेघरी | ६,००,०००।- |